# रोल्पा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### लिवाङ, रोल्पा, ५ नं. प्रदेश, नेपाल

# शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धीको सूचना !

प्रथम पटक प्रकाशित मिति : २०७६/४/२१ गते

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ उपदफा २ को खण्ड घ(६) मा भएको व्यवस्था र यस रोल्पा नगर कार्यपालिकाको निर्णयानुसार पारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन अनुसार यस नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने निम्न आय शिर्षकहरुमा आ.व. २०७६/०७७ का लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले कानुनी पक्रिया पुरा गरेका योग्य ईच्छुक फर्मले निम्न शर्तहरुका अधिनमा रही तपसिल बमोजिमको मिति र समयभित्र शिलवन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | ठेक्काको किसिम | जम्मा ठेक्का अंक रु. | दरभाउपत्र फाराम खरिद दस्तुर फिर्ता नहुने गरी |
|---|---|---|---|
| १/०७६/०७७ | धाङ्सी खोला (धवाङ खोला समेत) | ३,५०,०००/- | १,०००/- |
| २/०७६/०७७ | माडी खोला (माडी गाउँपालिका सिमानादेखि सुनिल स्मृति गाउँपालिका सिमानासम्म र हुङ्ग्री खोलासमेत) | ७,००,०००/- | १,०००/- |
| | जम्मा | १०,५०,०००/- | |

**शर्तहरु :**

१. दरभाउपत्र फाराम यस कार्यालयबाट माथि उल्लेख भए बमोजिम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र खरिद गर्न सकिनेछ ।

२. सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र आफूले कबोल गरेको कूल ठेक्का अंकको ५% धरौटी रकम यस कार्यालयको नाउँमा रहेको नेपाल बैंक लि. रोल्पास्थित धरौटीखाता ०७६०३००००००००२००३००२ मा दाखिला गरेको सक्कल बैंक भौचर संलग्न गरी यस नगरपालिकाको कार्यालय रोल्पामा दरभाउपत्र पेश गर्न सकिनेछ ।

३. यसरी पर्न आएका दरभाउपत्रहरु १६ औं दिन दिनको २.०० बजे यस नगरपालिकाको कार्यालय रोल्पामा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४. दरभाउपत्र खरिद, दर्ता र खोलिने दिन सार्वजनिक विदा पर्न गएमा क्रमशः सम्वन्धित कार्यहरु सोको भोलिपल्ट गरिनेछ ।

५. ठेक्का अवधि संझौता भएको मितिदेखि २०७७ आषाढ मसान्तसम्म हुनेछ ।

६. दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्ट हुने गरी उल्लेख भएको हुनुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

७. दरभाउपत्र स्वीकृत भएपछि सूचना टाँस भएको मितिले ७ दिनभित्र नियमानुसार आयकर/मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि लिई संझौता गर्न यस कार्यालयमा आउनु पर्नेछ । सो अवधिभित्र संझौता गरी पट्टा नउठाएमा नियमानुसार हुनेछ ।

८. ठेकेदारले आफूले कवोल गरेको कुल रकम २ (दुई) किस्तामा बुझाउनु पर्नेछ । पहिलो किस्ता वापतको ५०% रकम संझौता हुने मितिमा र बाँकी दोस्रो किस्ता २०७६ चैत्र मसान्तभित्र यस कार्यालयको नाउँमा रहेको नेपाल बैंकस्थित विभाज्य कोष खाता ०७६०३००००००००४००२००३ मा जम्मा गर्नुपर्नेछ ।

९. ठेक्का संझौता भए पश्चात कुनै किसिमको बन्द हड्ताल बाढी पहिरोलगायतका कारण देखाई ठेक्का लिने पक्षले कुनै किसिमको क्षतिपूर्ति दावी गर्न पाइनेछैन साथै (IEE) प्रतिवेदनले निशेष गरेको अवधि तथा नदी क्षेत्रबाट सामाग्री उत्खनन गर्न पाइनेछैन ।

१०. कुनै कारण जनाई वा नजनाई ठेक्का स्वीकृत गर्ने, आंशिकरुपमा स्वीकृत गर्ने तथा अन्य व्यवस्था गर्ने सम्पूर्ण अधिकार नियमानुसार यस नगरपालिकामा सुरक्षित रहनेछ । दरभाउपत्र पेश गर्दा दरभाउपत्रदाताको तर्फबाट कुनै किसिमको शर्त मान्य हुनेछैन । शर्तसहितको दरभाउपत्र स्वत बदर मानिनेछ । साथै रीत नपुगी वा म्याद नाघि आएको दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन ।

११. यस शिलवन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचनामा उल्लेख गर्न छुट भएका विषयहरु सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम हुनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned by CamScanner